# संघीय संसद
# प्रतिनिधि सभा
# अर्थ समिति

मिति: २०८०/११/२०
बैठक संख्या: २०
समय: दिउसो ११:३० बजे

आजको समितिको दोस्रो बैठकमा मुलुकमा विद्यमान बैङ्किङ तथा वित्तीय संस्थाका समस्या र समाधानका उपाय सम्बन्धमा माननीय सदस्यहरु एवं नेपाल राष्ट्र बैंकका गभर्नर, अर्थ सचिव र नेपाल बैंकर्स संघका अध्यक्षसँग छलफल भयो । बैठकमा उठेका विषय एवं छलफलका आधारमा देहाय बमोजिमको निर्णय भयो ।

१. बैङ्किङ तथा वित्तीय संस्थाका सुधारका लागि पछिल्ला पाँच वर्षमा गरिएका संरचनागत, संस्थागत एवं नीतिगत सुधारका विवरणको जानकारी समितिलाई गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने ।
२. बैङ्किङ तथा वित्तिय संस्थाका सुधारका लागि आवश्यक पर्ने कानूनी सुधार सम्बन्धमा समितिलाई लिखितरुपमा उपलब्ध गराउन बैंकर संघलाई निर्देशन दिने । सो सम्बन्धमा अझ विस्तृत रुपमा छलफल गर्न आवश्यक रहेकोले सो को व्यवस्थापनका लागि बैंकर संघ र अन्य सम्बन्धित निकाय बीच समन्वय गर्न सचिवालयलाई निर्देशन दिने ।

समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने।

रेखा उपाध्याय खनाल
समिति सचिव

दिपक खड्का
सभापति